स.वि.द.नं.: ३२९-०५०/०५१
स्थायी लेखा नं.: ३०३४०३०५४

नेफ्स्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आबद्धता

प.सं.च.नं.४९२-०७८/७९ मितिः २०७८।०६।२५

श्री अध्यक्ष ज्यू,
संघमा आवद्ध सम्पूर्ण सदस्य संघ/संस्थाहरु

**विषय : साधारण सभामा प्रतिनिधि पठाउने बारे ।**

प्रस्तुत विषयमा यस संघको सञ्चालक समितिको मिति २०७८ असोज २२ गते बसेको बैठकको निर्णयानुसार संघको ३०औं साधारण सभा देहायका विषय (कार्यसूची)मा छलफल तथा निर्णयका लागि सञ्चालन हुने भएकोले सो साधारण सभामा त्यस संघ/संस्थाको तर्फबाट संलग्न विवरण अनुसारको प्रक्रिया पुरा गरी सो सम्बन्धी कागजात २०७८ कार्तिक २६ गतेभित्र निर्णयको प्रतिलिपि सहित आधिकारिक प्रतिनिधि मनोनयन गरि पठाई दिनुहुन अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**

**मिति :** २०७८ मंसिर ३ गते शुक्रबार

**समय :** बिहान ८:०० बजेबाट

**स्थान :** नेपाल प्रज्ञा प्रतिष्ठानको सभा कक्ष, कमलादी, काठमाण्डौ

**साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु**

(१) आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र आ.व.२०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा,
(२) आर्थिक वर्ष २०७७/०७८ को आर्थिक प्रतिवेदन र आ.व.२०७८/०७९ को प्रस्तावित बजेट सम्बन्धमा,
(३) आर्थिक वर्ष २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
(४) आर्थिक वर्ष २०७७/०७८ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
(५) संघको विनियम संशोधन एवम् पुनर्लेखन गर्ने सम्बन्धमा,
(६) आन्तरिक कार्यविधिहरु पारित गर्ने सम्बन्धमा,
(७) आ.व.०७८/०७९ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
(८) बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा,
(९) गैरबैंकिङ्ग सम्पत्ति बिक्री गर्ने सम्बन्धमा,
(१०) संकल्प प्रस्तावहरु सम्बन्धमा,
(११) निर्णय पुस्तिका प्रमाणिकरणका लागि प्रतिनिधि चयन सम्बन्धमा ।

(.......................)
दामोदर अधिकारी
महासचिव

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.व.नं. : ९१६९, फोन : +९७७-१-४७८१९६३, ४७८०२०१
फ्याक्स : +९७७-१-४७८३०७१ ४७८४५६९, Email : nefscun@nefscun.org.np
www.nefscun.org.np

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आबद्धता

**संलग्न :**

- संघको विनियमको दफा ७(३) अनुसार आवद्ध संघ/संस्थाहरुले कम्तीमा मासिक रु.५००।०० वा नियमित बचतको १ प्रतिशतका दरले नियमित रुपमा बचत जम्मा गर्नुपर्ने हुँदा साधारणसभामा उपस्थिति जनाउनुपूर्व कम्तिमा २०७८ कार्तिक मसान्त सम्मको मासिक बचत संघमा जम्मा गरेको विवरण (बाह्य माध्यमबाट जम्मा गरेको भएमा),
- विनियमको दफा ९(१) बमोजिम बार्षिक सदस्यता शुल्क वापत साकोसका सदस्य संख्याको आधारमा आ.व.२०७७/०७८ सम्मको प्रति वर्ष रु.५।- प्रति सदस्य हुन आउने रकम र दफा ९(५) बमोजिम जिल्ला संघ मार्फत संघको सदस्यता नविकरण गरेको अवस्थामा जिल्ला बचत संघले सो बमोजिमको सदस्यता शुल्कको ४० प्रतिशत राखि बाँकी शुल्क बुझाएको विवरण (बाह्य माध्यमबाट जम्मा गरेको भएमा),
- संघको आधिकारिक प्रतिनिधि तोक्ने सम्बन्धमा साधारणसभा/सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,
- आ.व.२०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन,

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.व.नं. : ९१६९, फोन : +९७७-१-४७८११९६३, ४७८०२०१
फ्याक्स : +९७७-१-४७८३०७१ ४७८४५६९, Email : nefscun@nefscun.org.np
www.nefscun.org.np